# नेपालगञ्ज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नेपालगञ्ज, बाँके

लुम्बिनी प्रदेश, नेपाल

---

**सेवा करारमा कार्यरत कर्मचारीहरुले विवरण पेश गर्ने सम्बन्धी जरुरी सूचना ।**

**(सूचना प्रकाशित मिति २०८२/०९/०७ गते)**

मिति २०८२/०५/२४ गते भएको Gen-Z प्रदर्शनका क्रममा नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भएको आगजनी, लुटपाट तथा तोडफोडको घटनाबाट प्रशासन तथा जनशक्ति विकास शाखामा रहेका कर्मचारीहरुका व्यक्तिगत विवरण सहितका सम्पूर्ण फाईलहरु जलेर नष्ठ भएको व्यहोरा अवगत नै छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपालको पत्र संख्या २०८२/०८३, चलानी नं. १३६२, मिति २०८२/०८/२९ को पत्रानुसार कर्मचारीहरुको विवरण माग भएको हुँदा उक्त कार्यालयमा पठाउने प्रयोजनका लागि पत्रमा उल्लेख भए अनुसारको विवरण भरि सम्बन्धित कागजातहरु समेत संलग्न गरेर सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिनभित्र प्रशासन तथा जनशक्ति विकास शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समयमा विवरण पेश नभएमा कार्यालय जवाफदेहि नहुने व्यहोरा समेत अनुरोध छ ।

**(नोट : उक्त पत्रको प्रतिलिपि यसै सूचना साथ संलग्न छ ।)**

(गोर्ख बहादुर थापा)
नि.प्रमुख प्रशासकीय अधिकृत

---



CamScanner

लुम्बिनी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र सङ्ख्या :- २०८२/०८३

चलानी नम्बर : १३६२

मिति :- २०८२/०५/२२

नगर कार्यपालिकाको कार्यालय

दर्ता नं.:-

मिति:-

दर्ता गर्नेको सही:-

श्री स्थानीय तह, (सबै),
लुम्बिनी प्रदेश।

विषय : विवरण पठाउने सम्बन्धमा।

प्रस्तुत विषयमा स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा (१०) बमोजिम स्थानीय स्वायत्त शासन ऐन, २०५५ र सो अन्तर्गत बनेको नियमावली अनुसार स्थानीय सरकार सन्चालन ऐन, २०७४ लागु हुनुपुर्व (मिति २०७४/०६/२९) नियुक्ति भएका साविकका स्थानीय निकायहरुमा अस्थाई वा करार सेवामा निरन्तर कार्यरत रही हाल स्थानीय तहको स्वीकृत दरबन्दीमा समेत अविछिन्न रुपमा करार सेवामा निरन्तर कार्यरत कर्मचारीको लागि लुम्बिनी प्रदेश लोक सेवा आयोगले गराउने सिमित प्रतियोगिताको प्रयोजनार्थ आवश्यक विवरण तपसिल बमोजिमको ढाँचामा तयार गरी १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको ईमेल ठेगना : kapra.cmofficep5@gmail.com मा पठाउनुहुन निर्णयानुसार अनुरोध छ।

तपसिल

| क्र. सं. | नाम | पद | सेवा/ समूह | नियुक्ति मिति | नियुक्ति भएको दरबन्दी/ पद | हाल कार्यरत दरबन्दी/ पद | साविक स्थानीय निकाय को नाम | हाल कार्यरत स्थानीय तहको नाम | नियुक्तिको प्रकृया र किसिम | प्रतिलिपि को प्रमाणित कागज | सम्पर्क नम्बर | हाल सम्म अविछिन्न भएको/ नभएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |

पुनश्च : त्यस्ता कर्मचारी मध्ये साविक देखि अविछिन्न रुपमा एउटै पद र दरबन्दीमा रहेका, बिचमा पद वा दरबन्दी वा दुवै परिवर्तन भई ज्यालादारीमा रहेका कर्मचारीको विवरण समेत खुलाई पठाउनु हुन।

(संजय ज्ञवाली)
वरिष्ठ शाखा अधिकृत



Scanned with CamScanner
CamScanner